जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ३४० • २०८० असोज १२ गते शुक्रवार • 29 Sep. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## कानुन बमोजिम कारबाही नगरेको भन्दै जनकपुरधाममा गौहत्या विरूद्ध साधुसन्तहरुद्वारा प्रदर्शन हुने



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ असोज

राष्ट्रिय जनावर गाईको देशव्यापी रुपमा हत्या भइरहँदापनि सरकारले कानुन बमोजिम कारबाही नगरेको भन्दै जनकपुरधाममा साधुसन्तहरुले प्रदर्शन गर्ने भएका छन् । मुलुकमा श्रृंखलावद्धरुपमा गाईको हत्या भइरहेकोमा जानकी मन्दिरका सहायक महन्तले आफ्नो ध्यानार्षण भएको जनाउँदै विरोध प्रदर्शनको तयारीमा जुटेको बताएका छन्।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले श्रृंखलावद्धरुपमा गौहत्या भइरहँदा पनि राज्यले राष्ट्रिय जनावर समेत रहेको हिन्दु धर्ममा माता भनेर पुज्यनिय गाईलाई राज्यले बेवास्ता गरेको आरोप लगाउँदै कडा आन्दोलन गर्ने जनाएका छन्। उनले यसका लागि यही असोज १२ गते शुक्रवार जनकपुरधाम विरोध प्रदर्शन गरिने समेत बताएका छन्।

धरानदेखि खोटांगसम्म हत्या हुँदा पनि सरकारले कारवाही प्रक्रिया अघि नबढाएको भन्दै तत्काल आन्दोलन गर्ने चेतावनी उनले दिए। उनले भने, 'मुलुकमा गौहत्या व्याप्तरुपमा भइरहँदापनि सरकारले कानमा तेल हालेर सुतेकाले यही असोज १२ गते शुक्रबार जनकपुरधाममा गौहत्याको विरोधमा विरोध प्रदर्शन गर्दैछौं ।' शुक्रबार जनकपुरधाममा हुने विरोध प्रदर्शन सचेत गराउने कार्यक्रम हो त्यसले पनि सरकार नसुने कडा आन्दोलन गर्ने उनको चेतावनी छ। विरोधसभामा हजारौं सनातन हिन्दु धर्मावलम्बीलाई उतार्ने तयारी भइरहेको छ।

## नेकपा एमाले मधेस प्रदेशको प्रदेश कमिटीको अधिवेशन अगामी असोज २४ र २५ गते जनकपुरधाममा हुने



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ असोज

नेकपा एमाले मधेस प्रदेशको प्रदेश कमिटीको अधिवेशन अगामी असोज २४ र २५ गते जनकपुरधाममा हुने भएको छ । जनकपुरधामस्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा हुने अधिवेशनको उद्घाटन पार्टी अध्यक्ष केपी ओलीले गर्नेछन्।

अधिवेशनका लागि एमालेले नारा र लोगो समेत सार्वजनिक गरेको छ । बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा पार्टीका मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, पोलिटब्युरो सदस्यद्वय लिलानाथ श्रेष्ठ र जुली महतोसहितले संयुक्त रुपमा अधिवेशनको नारा र लोगो सार्वजनिक गरेका हुन् । अधिवेशनका लागि प्रदेशका ८ वटै जिल्लामा पार्टी सदस्यता नविकरण, नयाँ सदस्यता वितरण, २३ वटै जनसंगठनको प्रदेशस्तरीय अधिवेशन सम्पन्न भइसकेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रदेश अधिवेशनको नारा 'सामाजिक न्याय र सुशासन हाम्रो कार्यभार, मधेशको स्वाभिमान र समृद्धिको लागि एमाले सरकार' तय गरिएको छ।

## नेपाली समाजलाई भड्काउने काम नगर्न अपिल



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ असोज

मुस्लिम धर्मावलम्बीहरूको पर्व पैगम्बर मोहम्मदको जन्मदिनका अवसरमा नेताहरूले दातृत्व र सामाजिक सद्भाव कायम राख्न सबैलाई अपिल गरेका छन्। मोहम्मद दिवसको अवसरमा जनपुरधामको तिरहुतीया गाछीमा आयोजित खुला सभामा नेताहरूले विभिन्न धर्मावलम्बी, जातजाति र संस्कृतिमा आस्था राख्ने आम नेपालीहरूले सामाजिक सद्भाव कायम राख्न सदियौंदेखि प्रदर्शन गरेको एकतालाई कायम राख्न अपिल गरे।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले भिन्न धर्म, सम्प्रदाय र जातिका नाममा पछिल्लो समय भइरहेका गलत गतिविधिलाई निरुत्साहित गर्ने दायित्व सबैको भएको बताए। उनले नेपालको संविधानले कायम गरेको धर्मनिरपेक्षताको मर्म र एकै स्थानमा मिलेर बसेको नेपाली समाजलाई कुनै पनि नाममा भड्काउने काम नगर्न अपिल गरे। नेकपा (एमाले) नेतृ एवं प्रतिनिधिसभा सांसद जुलीकुमारी महतोले हिंसा, अशान्ति र गलत काम कुनै पनि धर्मले बर्जित गरेको भन्दै इस्लाम धर्मावलम्बीको विशेष पर्व मोहम्मद जन्मजयन्तीका अवसरमा सबैले सामाजिक एकताको सङ्कल्प गर्नुपर्ने धारणा राखिन्। उनले धर्म, जातजाति, धनी, गरिब, फरक लिङ्ग लगायत कुनै पनि आधारमा कसैले पनि विभेद गर्न नपाइने बताइन्।

## सामाजिक सद्भाव भड्काउने चिकित्स पक्राउ



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ असोज

जनकपुरधाममा सामाजिक सद्भाव भड्काउने खालको स्टाट्स लेख्ने चिकित्सलाई प्रहरीले पक्राउ गरेको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई टार्गेट गरी सामाजिक सञ्जालमा स्टाट्स लेख्ने चिकित्सलाई बिहीबार प्रहरीले पक्राउ गरेको हो। धनुषा प्रहरीले आयूर्वेद चिकित्सक अरुण झालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । झाले फेसबुकमा मलंगवामा भएको घटनाका दोषीलाई तत्काल कारबाही नगरे मुख्यमन्त्री यादवलाई कालोमोसो दल्ने धम्की दिएका थिए । उनले फेसबुकमा लेखेका थिए- 'मलंगवामा भएको घटनाका दोषीलाई कारबाही/गोली

बांकी पृष्ठ २ मा।

## गौशाला प्राविधिक शिक्षालय

गौशाला-२, कान्तिबजार, महोत्तरी

**पुन: प्रवेश परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशन मिति: २०८०।०६।१२)

CTEVT बाट मान्यता प्राप्त यस गौशाला प्राविधिक शिक्षालय, गौशाला-१२, कान्तिबजार, महोत्तरीमा "सामान्य आयुर्वेद चिकित्सा/कविराज" कार्यक्रममा केही रिक्त सिट हुन गएकोले पुन: प्रवेश परीक्षाको लागि आवेदन फारम भर्न सबैमा जानकारी गराईन्छ।

*आवेदन फारम भर्ने अन्तिम मिति :* २०८०।०६।१८ गते सम्म ।

*आवेदन फारम दस्तुर :* रु.१,५००/-

*न्युन्तम शैक्षिक योग्यता तथा आवश्यक कागजात :*

१) एस.ई.ई.मा २.० GPA/एस.एल.सी. उत्तिर्ण वा बैद्य/AAHW कोर्षमा ६८.३३ प्रतिशत अंक ल्याई उत्तिर्ण गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरु।

२) पासपोर्ट साईज फोटो (३५X४५MM) रंगिन फोटो-२ प्रति

३) जन्मदर्ता वा नागरिकताको प्रमाणपत्र।

*फारम पाइने र बुझाउने स्थान :* गौशाला प्राविधिक शिक्षालय, गौशाला-१२, कान्तिबजार, महोत्तरी।

*सम्पर्क नं. :* ९८४४३१३६६८, ९८४४३३०३५३, ९८५७८२३४४२

## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

*बालबालिकाको सर्वोच्च हितलाई प्राथमिकता दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय ...

# गरिबी र असमानताको दुश्चक्र

*गरिबी नेपालको मात्र समस्या नभएर यो विश्वकै ठुलो डरलाग्दो समस्याका रूपमा आएको छ । विश्वमै गरिब मानिसहरू बाँच्नका लागि युद्ध झैँ लडिरहेका छन् । गरिबीलाई धेरै प्रकारले विश्लेषण र परिभाषित गर्ने गरिएको पाइन्छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले मानव विकासको गुणस्तरीय जीवनका लागि प्रतिव्यक्ति आय कम हुनु, साक्षरता र शिक्षाको अवस्था सन्तोषजनक नहुनु, औसत आयु न्यून भएको अवस्थालाई गरिबीका रूपमा परिभाषित गरेको छ ।*

*महान् राजनेता नेल्सन मन्डेलाले एक प्रसङ्गमा भनेका थिए, "गरिबी प्राकृतिक नभई दासता र रङ्गभेद जस्तै मानव व्यवहारको उपज हो र मानवीय प्रयत्नबाटै यसलाई हटाउन र घटाउन सकिन्छ ।" गरिबका अर्थशास्त्री भनिएका अमर्त्य सेनले पनि गरिबको गरिबी घटाउने प्रमुख पात्र स्वयं सुरु गरिब हो र गरिबको क्षमता विकासमार्फत नै गरिबीविरुद्ध दिगो समाधान खोज्न सकिने निष्कर्ष निकालेका छन् । विद्वान्हरूको यो तर्कमा धेरै हदसम्म दम छ । गरिबीलाई निरपेक्ष तथा सापेक्ष रूपमा वर्गीकरण गर्न सकिन्छ । निरपेक्ष गरिबीले जीवन निर्वाहका लागि आवश्यक न्यूनतम क्षमता नभएको अवस्थालाई चित्रण गर्दछ भने विभिन्न समाज तथा समयसापेक्ष निर्धारण गरिएका जीवनस्तरका आधारहरू पूरा गर्न सक्ने क्षमताविहीनताको अवस्था सापेक्ष गरिब हो ।*

*सापेक्ष गरिबीले तुलनात्मक गरिबीलाई चित्रण गर्दछ । निरपेक्ष गरिबीको अवधारणा परिवर्तनशील हुँदैन भने सापेक्ष गरिबी समय, समाज र सन्दर्भ अनुसार फरक हुने गर्दछ । नेपालको सन्दर्भमा खाना, नाना र छानाको भरपर्दो प्रबन्धको अभाव भएको अवस्था गरिबी हो । युनिसेफका अनुसार विश्वमा प्रत्येक दिन २५ हजार मानिसको मृत्यु गरिबीको कारणले हुन्छ । अन्त्यमा गरिबी हटाउने अभियान चुनौतीपूर्ण छ । गरिबी घटाउने, हटाउने दायित्व मूलतः सरकारको हो । गरिबी हटाउने कुरा मूलतः शासकीय प्रणालीसँग सम्बन्धित छ ।*

# कपिलवस्तुमा बाह्र रबिउल औव्वल "मुहम्मद जयन्ती" हासौँउल्लासका साथ मनाइए




इमरान खान
कपिलवस्तु, ११ असोज

कपिलवस्तु जिल्लामा मुस्लिम समुदायहरुले "बाह्र रबिउल औव्वल" मुहम्मद जयन्ती हासौँउल्लास का साथ मनाइदै छन । इस्लामधर्मका प्रवर्तक हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको १४९८ औँ जन्मउत्सवमा देश भरिका मुस्लिमहरु हासौँउल्लास का साथ हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लम को १४९८ औँ जन्मउत्सव देश भरि रयाली निकाली धुमधामका साथ मनाइदै छन । त्यस्तै गरि कपिलवस्तु जिल्लामा लाखौ भन्दा बढि मुस्लिम समुदायहरुले रयालि निकाली हासौँउल्लास का साथ हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको १४९८ औँ जन्म उत्सव मनाइदै छन ।

नेपालको राष्ट्रिय झण्डा र इस्लामको झण्डा सहित निकालिएको रयालि कपिलवस्तु जिल्लाको कृष्णनगर, चन्द्रौटा, पकडी, तौलिहवा लगायातका बिभिन्न ठाँउ ठाँउमा आज परिक्रमा गरेका छन । त्यस्तै गरि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा लाखौ भन्दा बढि मुस्लिमहरुले रयालि निकाली तौलिहवा बजार भरि परिक्रमा गरि कपिलवस्तु जिल्ला तौलिहवाको खेल मैदानमा आएर कोणसभामा परिणत भएको छ । स्थानीय युवाहरु तथा अग्रज व्यक्तित्व, बालबालिकाहरुको सहभागितामा वृहत रयालि निकालीएको थिए ।

इस्लामिक क्यालेण्डरको तेस्रो महिना रवि - उल्ल - अव्वलको १२ तारिखको दिन नेपाली मुस्लिम सहित विश्वभरिका मुस्लिम धर्मावलम्बीहरुले विभिन्न धार्मिक कार्यक्रमको आयोजना गरि हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लम को १४९८ औँ जन्मउत्सव शदियौ देखि मनाइउदै आईरहेका छन धर्मगुरु मोहम्मद आदिले निजामी ले बताए । नेपालमा लोकतन्त्रको स्थापना भयो देश धर्मनिरपेक्ष भयो तब देखि नै नेपाल संबिधान मै रहेका (मोहम्मद डे) मुस्लिमधर्मालम्बीहरुको १२ रवि - उल्ल - अव्वलको अवसरमा सार्वजनिक विदा दिदै आएकोमा अहिलेको सरकारले विधान विपरित यो बिदा कटौती गरेरा मुस्लिम समुदायहरुलाई अवहेलना गरेका छन । नेपाल सरकारले असोज ११ गते (मोहम्मद डे) मुस्लिमधर्मालम्बीको ११ रवि - उल्ल - अव्वलको अवसरमा सार्वजनिक विदा कटिएकोमा कपिलवस्तुका मुस्लिम धर्मावलम्बीहरुले नेपाल सरकार प्रति अक्रोशित भएका छन । जिल्ला प्रशासन कार्यालयलमा ग्यापन पत्र बुझाउदै यस सरकारले मुस्लिम समुदायहरुको महान चाड पर्बहरु ईद–उल–फित्र (ईद), ईद–उल–अजह (बकरा ईद), पैगम्बर मोहम्मद हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको जन्म जयन्ती (१२ रबि–उल–अव्वल), सब–ए–बरात, मोर्हरम समेतको चाड पर्ब सार्बजनिक बिदा नगरी मुस्लिम समुदायको हरेक निकायमा पहिचान सहितको समानुपातिक समाबेशी संबैधानिक हक अधिकार कुन्ठित हुने गरी भेदभाव प्रष्ट देखिएको हुदा संबिधानको र्मम मनसाय अनुरुप मुस्लिमहरुको छुट्टै पहिचान सहितको आरक्षणको ब्यवस्था गरी नेपाल सरकारले सम्पुर्ण बिदाहरु सार्वजनिक सुचिमा राखी समाबेश गरी माग समेत नेपाल सरकार सँग गरेको जमा मस्जिद आहले सुन्नत, तौलिहवाका अध्यक्ष एवं मुस्लिम अगुवा अधिवक्ता राउफ अहमद खाँले बताए ।

तथा सम्पूर्ण मुस्लिम धर्मावलम्बीहरुले समेत नेपाल सरकार सँग मुस्लिम समुदायहरुको छुट्टै पहिचान सहितको आरक्षणको जोडदार माग गरेका छन ।


विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**चक्रघट्टा गाउँपालिकाको कार्यालय, सर्लाही**


*सामाजिक सद्भाव...............*

हान्नुस् मुख्यमन्त्री सरोज यादव ज्यू, नत्र हामी छिट्टै तपाईलाई कालोमोसो दल्छौँ ।" विद्युतीय कारोबार ऐनमा भएको व्यवस्था आकर्षित भएकोले झालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी रञ्जन अवाले जानकारी दिए । झालाई मौखिक उजुरीको आधारमा पक्राउ गरिएको बताइएको छ । बुधबार साँझ पक्राउ परेका झालाई आज रिहा गरिएको छ । चिकित्सक मांफी मागेर स्टाटस डिलिट गरेपछि उनलाई छोडिएको डिएसपी अवाले बताए । मुख्यमन्त्रीको बारेमा स्टाटस् लेखेकै भरमा उनलाई पक्राउ गर्नु लोकतन्त्रको हनन् भएको टिकाटिप्पणी गर्न थालिएको छ । जिल्ला प्रशासन कार्यालय सर्लाहीले यसअघि सामाजिक सञ्जालमा सामाजिक सदभाव विगार्ने खालको अभिव्यक्ति दिनेलाई विद्युतीय ऐनमा व्यवस्था भए बमोजिम कार्यवाही गर्ने निर्णय नै गरेको थियो ।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने

वृषः पढाईमा ध्यान दिनुपर्ने

मिथूनः मनमा पछुतो आउने

कर्कटः पिछडेको साथी मिल्ने

सिंहः मित्रतामा फाटो आउने

कन्याः आम्दानी हुने

तुलाः लामो यात्राको योग छ

वृश्चिकः विचार गरेर बोल्नुहोला

धनुः अनावश्यक चिन्ता

मकरः अनावश्यक खर्चको संभावना

कूम्भः खानपानमा समस्या आउने

मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# उत्तर कोरियाबाट अमेरिकी सैनिकको रिहाइ गर्न चीनको सहयोग

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज




चीनले उत्तर कोरियामा बन्धक बनाइएका एक अमेरिकी सैनिकलाई रिहा गर्न 'मानवीय' सहयोगको प्रस्ताव गरेको बिहीबार पुष्टि गरेको छ। दक्षिण कोरियाबाट सैन्य गतिविधि निषेधित क्षेत्र पार गरेपछि २३ वर्षीय अमेरिकी नागरिक प्राइभेट ट्राभिस किङलाई उत्तर कोरियाली सेनाले जुलाईमा पक्राउ गरेको थियो।

करिब तीन महिनापछि उनी स्वीडेनका कूटनीतिज्ञको सहयोगमा उत्तर कोरियाली सीमा हुँदै चीन पुगेका थिए। उनलाई बुधबार अमेरिकी राजदूत र एक वरिष्ठ सैन्य अधिकारीलाई हस्तान्तरण गरिएको थियो। त्यसपछि उनी अमेरिकी सैन्य अखडामा पुगेका छन्। अमेरिका-चीन सहकार्यको दुर्लभ उदाहरण दिँदै बेइजिङले बिहीबार सहयोगको प्रस्ताव गरेको पुष्टि गरेको हो। "उत्तर कोरिया र अमेरिकी पक्षको अनुरोधमा चीनले मानवीय दृष्टिकोणबाट आवश्यक सहयोग गरेको छ," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भनिन्।

# सिटिजन लाइफको आईपीओ सूचीकृत, आइतबारदेखि कारोबारमा आउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

सिटिजन लाइफ इन्स्योरेन्सको आइपीओ नेप्सेमा सूचिकृत भएको छ। कम्पनीको शेयर सिएलआई सिम्बोलबाट सूचिकृत भएको हो। कम्पनीको चुक्ता मुल्य १ सय रुपैयाँ कायम भएको ३ करोड ७५ लाख कित्ता साधारण शेयर सूचिकृत भएको हो। बुधवार कम्पनी र नेप्सेबीच शेयर सूचीकरण सम्बन्धी सम्झौता भएको हो।

कम्पनीको आइपीओ निष्काशन तथा विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल रहेको छ। सर्वसाधारण लगानीकर्ता शेयरधनी (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारी) समेत मा वितरण गरिएको १ करोड १२ लाख कित्ता अर्थात ३० प्रतिशत, कम्पनीका संस्थापक शेयरधनीहरुको लगानी गरेको २ करोड ६२ लाख ५० हजार कित्ता अर्थात ७० प्रतिशत समेत गरी ३ करोड ७५ लाख कित्ता सूचिकृत भएको हो। कम्पनीको शेयर आइतबारदेखि कारोबारमा आउनेछ। नेप्सेले कम्पनीलाई पहिलो शेयर कारोबारका लागि न्यूनतम प्रतिकित्ता १७२ रुपैयाँ ४३ पैसा देखि अधिकतम ५१७ रुपैयाँ २९ पैसा सम्म रेन्ज दिएको छ। पहिलो कारोबारको लागि कम्पनीले वास्तविक किताबी मूल्य देखि किताबी मूल्यको तीन गुणासम्म रेन्ज पाउने गर्छन्।

# सलमानको 'टाइगर ३' माथि शाहरुखको 'डंकी' हावी, एकै वर्ष तीन हजार करोड नघाउने संकेत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज



बलिउड अभिनेता सलमान खानको 'टाइगर ३'को चर्चाबीच शाहरुख खानले आफ्नो अर्को फिल्मको ट्रेलर छिट्टै रिलिज हुने बताएका छन्। शाहरुखको हालै दुई फिल्म 'जवान' र 'पठान' बाट बलिउड तङ्गिएको छ। दुई फिल्मबाट उनले दुई हजार करोड बढीको कमाइ पनि गरेका छन्। उनको क्रेज अझै श्रोताको मन र दिमागबाट हटेको छैन। सोहीबिच शाहरुखको अर्को फिल्मको चर्चा सुरु भएको छ।

सलमाले केही दिन अघि 'टाइगर ३' को टिजर आफ्नो सामाजिक सञ्जाल एकाउण्डमा सार्वजनिक गरेका थिए। फिल्म 'टाइगर ३' सन् २०२४ को दिपावालीमा हलमा रिलिज हुँदैछ। दुवै फिल्मबीच कुनै टकराब हुने भने छैन। धेरै समय अन्तरमा फिल्म रिलिज हुनेछ। फेरि पनि बलिउडमा शाहरुख हावी हुने नै देखिएको छ। 'पठान' र 'जवान'को बम्पर सफलतापछि शाहरुख आफ्नो 'डिंकी' को लागि चर्चामा छन्। सुपरस्टार शाहरुखको यो फिल्मलाई लिएर फ्यानमा निकै क्रेज छ। दुई फिल्मको सफलता पछि शाहरुखले पुनः आफूलाई बलिउडमा प्रमाणित पनि गरेका छन्। लामो समयपछि सिनेमामा फर्किएका शाहरुख 'पठान'को कमाइपछि विगतको चार वर्ष बिर्सेको बताएका थिए।

# रोयल ब्लूले कीर्तिमानी क्रिकेटर दीपेन्द्र र कुशललाई जनही दुई लाख रुपैयाँ पुरस्कार दिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज



चीनमा जारी १९औं एसियाली खेलकुद प्रतियोगितामा विश्व कीर्तिमान बनाउने दुई नेपाली खेलाडी दीपेन्द्रसिंह ऐरी र कुशल मल्ललाई रोयल ब्लूले जनही दुई लाख रुपैयाँ नगद पुरस्कार प्रदान गर्ने भएको छ। रोयल ब्लूका ब्रान्ड प्रमुख श्रतिक शाहीका अनुशार, अन्तर्राष्ट्रिय प्रतियोगितामा विश्व कीर्तिमान बनाएर देशको गौरव बढाउने खेलाडीको हौसला बढाउन नगद पुरस्कार प्रदान गर्न लागिएको हो।

एसियाली खेलकुदको पुरुष क्रिकेटमा बुधबार मंगोलियाविरुद्धको खेलमा नेपाली खेलाडीले थुप्रै विश्व कीर्तिमान बनाएको थिए। उक्त खेलमा दीपेन्द्र टी–२० अन्तर्राष्ट्रिय क्रिकेटको इतिहासमा सर्वाधिक कम बलमा अर्धसतक प्रहार गर्ने खेलाडी बनेका थिए। उनले केवल नौ बलमा ५० रन बनाएका थिए। यसअघि, भारतका ब्याट्सम्यान युवराज सिंहले सन् २००७ मा इंग्ल्याण्डविरुद्ध १२ बलमा सबैभन्दा चाँडो अर्धशतक बनाएका थिए। ऐरीले युवराज सिंहको त्यही कीर्तिमान तोडेका थिए।

यसका अतिरिक्त दीपेन्द्र सिंह टी–२० अन्तर्राष्ट्रिय क्रिकेटको एकै पालीमा सर्वाधिक स्ट्राइक रेटसहित रन बनाउने खेलाडी पनि बनेका थिए। मंगोलियाविरुद्ध केवल १० बलमा अविजित ५२ रन बनाउँदा दीपेन्द्रको स्ट्राइक रेट ५२० रहेको थियो। यसअघि उक्त कीर्तिमान वेस्ट इन्डिजका ब्याट्सम्यान ड्वेन स्मिथको नाममा रहेको थियो।

उनले सन् २००७ को सेप्टेम्बर १३ मा बंगलादेशविरुद्ध ४१४.२८ को स्ट्राइकर रेटमा रन बनाएका थिए। उक्त खेलमा उनले सात बलको सामना गरी २९ रन बनाएका थिए। क्यानडाका साद बिन जाफरले पनि सन् २०२२ को नोभेम्बर १४ मा बहराइनविरुद्ध ४१४.२८ को स्ट्राइकर रेटमा रन बनाएका थिए।



चन्द्रनगर गाउँपालिकाको कार्यालय, सर्लाही

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# भ्रमणको आलोकमा नेपाल-चीन सम्बन्ध

- सरकारको नेतृत्व सम्हालेदेखि नै प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमण प्राथमिकताको सूचीमा थियो र नेपाली कूटनीतिमा चासो राख्नेहरूबीच प्रतीक्षारत पनि थियो । अहिले उनी चीन भ्रमणमा छन् र उनको यो भ्रमण चर्चाको शिखरमा छ । **भ्रमणको आलोकमा नेपाल-चीन सम्बन्ध** उदाउँदो र प्रतिस्पर्धी विश्वशक्ति चीनले लिएको फरक विकास रणनीतिको पृष्ठभूमिमा नेपालजस्तो छिमेकीका लागि पनि ऊ सदाझैं भूराजनीतिको एउटा पाटो त थियो नै, पछिल्लो चरणमा उसले अपनाएको आक्रामक कूटनीतिका कारण द्विपक्षीय मामिला अरू संवेदनशील भएको छ र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय चासोमा परेको छ ।

अर्को अर्थमा, जसरी चीन नेपालमा खास गरी पश्चिमा र कतिपय अवस्थामा भारतीय गतिविधिको अवलोकनमा र कतिपय अवस्थामा हुन लागेका ती गतिविधि तुहाउन विरोध र प्रतिरोधमा लागिरहेको छ, त्यसरी नै ती देशले पनि नेपाल र चीनबीच केके काम भइरहेका छन् र हुने चरणमा छन् भनेर चियो-चासो गर्न थालेका छन । यस अर्थमा पनि नेपाल विश्व भूराजनीतिक खेल र खिचातानीमा चर्चा-परिचर्चाको विषय बनिरहन्छ । यसैबीच भएको प्रधानमन्त्री दाहालको साताव्यापी चीन भ्रमण र यसका परिणामबारे भैरहेका बहस र छलफल यसै आलोकमा उब्जेका चिन्ता र चासो हुन् भन्न सकिन्छ । नेपालभित्र यसबारे दुई भिन्न विचार आइरहेका छन । एक थरीको विचारमा उच्चस्तरीय भ्रमण सम्बन्धलाई यथास्थितिबाट निरन्तरता दिन पनि आवश्यक हुन्छ । आपसी भेटघाट र छलफल आफैंमा सम्बन्धका सूचक हुन् र यसको निरन्तरताको आफ्नै महत्त्व छ । यस्ता भ्रमणबाट एकअर्कालाई बुझ्न, सम्बन्धलाई सौहार्दपूर्ण र जीवन्त बनाइराख्न सहयोग पुग्छ भन्ने एउटा 'स्कुल अफ थट' छ भने अर्को विचार दुई देशबीचको लेनदेनमा आधारित छ । पछिल्लो विचार या आग्रहलाई मल्ल के सुन्दरले 'एक खाले भिक्षाटन' भनेका छन् । असोज ५ मा कान्तिपुरमा प्रकाशित मल्लको आलेख अनुसार, हाम्रा नेताहरू विदेश जाँदाको सन्दर्भलाई लिएर नेपालमा पछिल्लो चरण कस्तो प्रवृत्ति विकास भएको छ भने, त्यस्ता भ्रमणमा मित्रराष्ट्रका तर्फबाट कसरी खातिरदारी भयो, को र कुन स्तरको अधिकारी विमानस्थलमा स्वागतार्थ आयो, अनि क-कसले भेटघाट र कुराकानी गरे भन्नेमा बढी चासो रहन्छ । भ्रमणका क्रममा उताबाट आर्थिक सहयोग, अनुदान वा परियोजना निर्माणका लागि केकति रकम हात पार्न सकियो वा सकिएन भनेर खोतल्ने र तिनका आधारमा भ्रमण सफल या असफल भनेर दाबी/विरोध, विचार-विवेचना गर्ने प्रवृत्ति एक खाले भिक्षाटन हो भन्ने मल्लको दाबी छ । यी दुई फरक प्रकृतिका अवधारणालाई पृष्ठभूमिमा राखेर दाहालको भ्रमणलाई हेर्दा, चिनियाँ समकक्षी र राष्ट्रपति सी चिनफिङसँगको भेट र छलफल आफैंमा दुई देशका लागि नियमित र महत्त्वपूर्ण आयाम हो । उच्चस्तरीय भ्रमणका बेला दुई देशका विभिन्न पक्ष, तह र निकायबीच नियमित रूपमा भैरहेका अभ्यासलाई औपचारिकता दिन सहमत हुने र सम्झौता गर्नेबाहेक रातारात एक्कासि ठूला परिणाम हात पर्नेर् सम्भावना हुन्न र पूर्वाभ्यासभन्दा बाहिर बढी अपेक्षा गर्नु व्यावहारिक पनि हैन । यस अर्थमा दाहालको चीन भ्रमणलाई सकारात्मक रूपमै लिनुपर्ने देखिन्छ, र यस मामिलामा भ्रमणले आफ्नो औचित्य पुष्टि गरिसकेको पनि छ । तर 'भिक्षाटन' का सन्दर्भमा यो भ्रमण सफल भएन भन्नेहरू धेरै हुनेछन् । दाहाल सरकारलाई नयाँ चीज खै के दियो र चीनले भनेर गिज्याउनेको लर्को नै लाग्ने देखिन्छ ।

सामाजिक सञ्जालमार्फत कतिपयले त चीनले दाहाललाई लोप्पा खुवाइदियो भन्न पनि सुरु गरिसकेका छन । नेपाल-चीन सम्बन्धको मौलिक विशेषता छ । तिब्बतलाई आफ्नो अंग बनाउनुअघिको चीन नेपालको छिमेकी थिएन; बेलायत, अमेरिका र फ्रान्सजस्तै टाढाको तर नेपालबारे जानकार मुलुक मात्र थियो ।

त्यसैले नेपाल-चीन सम्बन्धलाई लिएर धेरैजसो चिनियाँ र नेपालीले पनि सन् १९५० र खास गरी दुई देशबीच दौत्य सम्बन्ध स्थापनापश्चात्का आयाममा आधारित भएर चर्चा गरिरहेका हुन्छन् । ब्रिटिस-राणाकालको कुरा छोडौं, पछिल्ला सात दशकको नेपालको छिमेक सम्बन्ध पनि धेरै कारणले भारत-आश्रित बन्न पुगेको छ र यसमा चीनको प्रमुख भूमिका छ । नेपालको उत्तरतर्फको सघन अन्तरक्रिया र आवतजावतलाई बिस्तारै कमजोर बनाउने काम यही अवधिमा भयो जसका कारण हिमाली क्षेत्रमा बस्ने नेपालीहरू पनि तिब्बतसँगको व्यापार सम्बन्ध र अवसरमा कटौती गर्दै विकल्प खोज्न बाध्य भए । माओकै प्रस्तावको कोदारी राजमार्ग त बन्यो, तर केही समयअघिसम्म नेपालका नेता तथा




कर्मचारीतन्त्र चीन नेपालको विकास र नेपालीको दैनिक आवश्यकता पूर्तिमा सहयोगी बन्न सक्छ भन्नेमा विश्वस्त भएनन् र त्यसको प्रमुख कारण चिनियाँ नेताहरूले नेपालीलाई दिने सुझाव नै थियो ।

जब-जब नेपालीहरू चिनियाँ सहयोगको याचना गर्थे, चिनियाँ नेताहरूको रेडिमेडझैं जवाफचाहिँ हुन्थ्यो, 'तपाईंहरू भारतसँगको सम्बन्ध नबिगार्नुस्, हामी नेपालका हकमा भारतसरह सहयोगी बन्ने हैसियतमा छैनौं ।' बीपीकालकै कुरा गर्दा पनि, बीपीले नेपाल अब विकासको चरणमा गतिसहित प्रवेश गर्न चाहन्छ भन्दै त्यसमा चीनबाट भारतजस्तै सहयोगको अपेक्षा राख्दा, चिनियाँ प्रधानमन्त्री चाउएन लाईले 'भारतको भन्दा थोरै कम' सहयोग गर्ने प्रतिबद्धता जनाउँदै भनेका थिए, 'यस्तो सहयोग चीन-नेपाल दुवैका लागि हितकर छ ।' दोस्रो जनआन्दोलनपश्चात् खास गरी माओवादी र एमालेसँग सम्बन्ध विस्तार गर्ने सन्दर्भमा नेपाली नेताहरूलाई चीनका तर्फबाट बारम्बार सुझाइएको यो चिनियाँ राय केही समयअघिसम्म चिनियाँहरूले दिने प्रमुख र एकल मन्त्रका रूपमा थियो ।

*सांभार: कान्तिपुर ।*


# कम्प्युटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

**-: ढिलीप कुमार साह :-**

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला


विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

### आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :



- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।

### आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

### आाखा पाक्ने रोग लागिहालेमा के गर्ने :

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**धनकौल गाउँपालिकाको कार्यालय, सर्लाही**




**ब्रह्मपुरी गाउँपालिकाको कार्यालय, सर्लाही**

# जनता समाजवादी पार्टी नेपाल पर्सा जिल्ला समितिमा विवाद

जलेश्वरटुडे समाचारदाता
पर्सा, ११ असोज



जनता समाजवादी पार्टी नेपाल पर्सा जिल्ला समितिमा विवाद उत्पन्न भएको छ । जसपा जिल्ला समितिका बहुमत सदस्यले जिल्ला अध्यक्ष रामनरेश यादवलाई हटाएर बहुदरामाइ नगरपालिकाका मेयर सिंहासन साह तेलीलाई अध्यक्ष बनाएका छन् । हिजो बसेको जिल्ला समितिको बैठकले सो निर्णय गरेको हो । चार वर्षसम्म पार्टीको जिल्ला अध्यक्ष हुँदा अधिवेशन गराउन नसकेको, अध्यक्ष भएर आएपछि जिल्लामा पार्टी कमजोर भएको, जिल्लाका नेताहरुले पार्टी छाडेर अन्य पार्टीमा प्रवेश गर्दै गरेको कारण देखाउँदै यादवलाई हटाइएको जसपाका नेता एवं वीरगञ्ज महानगरपालिका मेयर राजेशमान सिंहले बताए । उनले रामनरेश यादव पार्टीको अध्यक्ष भएदेखि जसपा आरोलो लागेको तैपनि ध्यान नदिएको आरोप लगाए । अध्यक्षबाट हटाइएका रामनरेनश यादवले भने आफूमाथि जिल्ला समितिले गरेको भनिएको निर्णय फर्जी भएको बताए ।

उनले भने, 'जिल्ला समितिले मलाई हटाइएको भनिएको निर्णय फर्जी हो ।' जिल्ला समितिको बैठक बोलाइएको तर त्यो बैठकको बारेमा आफूलाई नै थाहा नरहेको उनले बताए । यादवले पार्टीभित्रका केही बर्चस्वशाली व्यक्ति भेला भई गरेको यो निर्णयको कुनै अर्थ नरहेको बताए । केही व्यक्तिको सनकका कारण पार्टी बर्बाद भइरहेको बताउँदै उनले आफू नै जिल्ला अध्यक्ष रहेको बताए । प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले प्रदेश समितिले निर्णय नगरेसम्म अध्यक्ष आफू नै रहेको भनेको बताउँदै यादवले भने, 'जिल्ला अधिवेशन गराउनका लागि पार्टीबाट कुनै सर्कुलर आएको छैन, विगतमा अधिवेशन गराउन खोजेकै हो तर बीच बीचमा विभिन्न पार्टीसँग भएको एकीकरणका कारण अधिवेशन सर्दै आइरहेको छ ।'

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday